## नेपाल प्रहरी प्रधान कार्यालय

## कार्य विभाग, स्मारक गुठी

### "अच्युत - मिना अमर प्रहरी पुरस्कार" छनौट समितीको

### सूचना

पूर्व प्रहरी महानिरीक्षक श्री अच्युतकृष्ण खरेल ज्यूद्वारा मिति २०७७।०६।३० गतेमा स्थापित **"अच्युत - मिना अमर प्रहरी पुरस्कार"** अमर प्रहरीका जेहेन्दार (दुई) जना मध्ये १/१ जना (छात्र /छात्रा) सन्ततीहरुलाई नेपाल प्रहरी दिवस श्रद्धाञ्जली समारोहमा प्रदान गरीने हुँदा निम्न लिखित मापदण्ड भित्र पर्ने अमर प्रहरीका सन्ततीहरुका नामावली तथा अन्य कागजातहरु यस छनौट समितीको ईमेलठेगाना (smarakguthi@nepalpolice.gov.np)मा मिति २०७९।०५।२० गते भित्र पठाउन हुन अनुरोध गरिएको छ ।

### "अच्युत –मिना अमर प्रहरी पुरस्कार"

### छनौट विधि

१. कर्तव्यपालनको सिलसिलामा प्राण आहुती दिने अमर प्रहरीका प्रहरी जवान देखि प्रहरी नायव निरीक्षक सम्मका जेहेन्दार विद्यार्थी सन्ततीहरु सहभागि हुन पाउने ।

२. २ जना १/१ (छात्र/ छात्रा लाई पुरस्कार प्रदान गरिने ।

३. छनौट गर्दा अमर प्रहरीहरुको सन्तति मध्ये लब्धाङ्क पत्रको आधारमा उत्कृष्ट र जेहेन्दार छात्र/ छात्रा समावेश गर्ने ।

४. छनौट भएका अमर प्रहरीका २ जना सन्ततिहरुलाई रु. ३०,०००।- (अक्षरुपी तिस हजार ) का दरले १।१ जना छात्र/ छात्रालाई नगद र प्रमाण पत्रद्वारा सम्मानित गर्ने ।

### आवश्यक कागजातहरु

१. निवेदन ।

२. नाता प्रमाणित पत्रको प्रतिलिपि ।

३. अध्ययनरत विद्यालयको अध्यनरत तहको लब्धाङ्क प्रमाण पत्र र चारित्रीक प्रमाण पत्र ।

४. निवेदकको नागरिकताको प्रमाणित प्रतिलिपी वा जन्म दर्ताको प्रमाणित प्रतिलिपि।

५. अमर प्रहरीको पेन्सन पट्टाको तथा मृत्यु खाली पत्रको प्रतिलिपि ।

६. सम्वन्धित विद्यार्थीको पासपोर्ट साईजको२प्रतिफोटो ।